| | | | |
|---|---|---|---|
| ५. | श्री ऋषिकेश ढुंगेल | शाखा अधिकृत, राष्ट्रिय योजना आयोगको सचिवालय | " |

## सूचना ४

श्री ५ को सरकारले मिति २०४५।१०।२ को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्रांकित तृतीय श्रेणीका देहायका अधिकृतहरूलाई देहायबमोजिम सरुवा गरेको छ ।

| क. सं. | नाम र थर | साबिक पद र कार्यालय | हाल सरुवा भएको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्री कमलकान्त द्विवेदी | प्रशासकीय अधिकृत, जिल्ला कार्यालय, ताप्लेजुङ | राजपत्रांकित तृतीय श्रेणी, शिक्षा तथा संस्कृति मन्त्रालय वा अन्तर्गत कार्यालय । |
| २. | श्री शंकरप्रसाद भेटवाल | प्रशासकीय अधिकृत, जिल्ला कार्यालय, तनहुं | " |

## सूचना ५

श्री ५ को सरकारले मिति २०४५।१०।२३ को निर्णयानुसार लोक सेवा आयोगका शाखा अधिकृत श्री रमेशराज शर्माले दिनुभएको राजीनामा निर्णय मितिदेखि नै लागू हुने गरी स्वीकृत गरेको छ ।

आज्ञाले,
ठाकुरप्रसाद पाण्डे
उपसचिव

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारको निर्णयानुसार खण्ड ३८, संख्या २४, मिति २०४५।६।१० को नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस मन्त्रालयको सूचनाको अनुसूची–४ को क्र. सं. ६ मा रहको "हाकिम क्वाटर र क्वाटर मास्टर" भन्ने पदनामबाट "हाकिम क्वाटर र" भन्ने शब्द झिकी सो क्र सं. ६ पछि देहायबमोजिमको क्र. सं. ७ थप गरिएको छ ।

"७. हाकिम सेनानी २१९०–४५ (७) –२५०५"

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

360



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।